# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

### सूचना १

श्री ५ को सरकारले मिति २०४४।६।९ को निर्णयानुसार नेपाल प्रशासन सेवा, राजपत्राङ्कित विशिष्ट श्रेणीको देहायका अधिकृतहरूको ५ वर्षको अवधि मिति २०४४।६।१२ मा पुगेकोले निजामती सेवा नियमावली, २०२१ को नियम ७ क.२.को उपनियम(१) को प्रतिवन्धात्मक वाक्यांश बमोजिम मिति २०४४।६।१३ देखि ३ (तीन) वर्षको अवधि थप गरेको छ ।

| क.सं. | नाम, थर | पद | कार्यालय |
|---|---|---|---|
| १. | श्री लोकबहादुर श्रेष्ठ | सचिव | अर्थ मन्त्रालय । |
| २. | श्री माधवलाल तवदार | ,, | श्रम तथा सामाजिक कल्याण मन्त्रालय । |
| ३. | श्री मधुसूदन ढकाल | ,, | जलस्रोत मन्त्रालय । |
| ४. | श्री विष्णुप्रताप शाह | ,, | सञ्चार मन्त्रालय । |
| ५. | श्री वीरेन्द्रनाथ खुंजेली | ,, | वन तथा भू-संरक्षण मन्त्रालय । |
| ६. | श्री ईश्वरीलाल श्रेष्ठ | ,, | पर्यटन मन्त्रालय । |

### सूचना २

श्री ५ को सरकारले मिति २०४४।६।९ को निर्णयानुसार नेपाल प्रशासन सेवा, राजपत्राङ्कित विशिष्ट श्रेणी (अतिरिक्त समूह, सामान्य प्रशासन मन्त्रालय) का अधिकृत श्री भुवनेश्वर खत्रीको ५ वर्षको अवधि मिति २०४४।६।१२ मा पुगेकोले निजामती सेवा नियमावली, २०२१ को ७ क.१. को उपनियम (१) को प्रतिवन्धात्मक वाक्यांश बमोजिम मिति २०४४।६।१३ देखि ३ (तीन) वर्षको अवधि थप गरेको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
2356

## सूचना ३

शिक्षा तथा संस्कृति मन्त्रालयका सचिव श्री नरसिंहनारायण सिंह पेरिसमा हुने युनेस्कोको २४ सौं महाधिवेशनमा भाग लिन जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री रमेशजङ्ग थापालाई मिति २०४४।७।२ देखि कायम मुकायम मुकरर गरेको छ ।

## सूचना ४

श्री ५ को सरकारले मिति २०४४।६।९ को निर्णयानुसार नेपाल प्रशासन सेवा, राजपत्राङ्कित विशिष्ट श्रेणी (अतिरिक्त समूह, सामान्य प्रशासन मन्त्रालय) का अधिकृत श्री एमरल्डजङ्ग राणालाई ५ वर्षको सेवा अवधि २०४४।६।१२ मा पूरा भएकोले निजामती सेवा नियमावली, २०२१ को नियम ७ क.१. अनुसार मिति २०४४।६।१३ देखि सरकारी नोकरीबाट अवकाश दिएको छ ।

## सूचना ५

श्री ५ को सरकारले मिति २०४४।६।९ को निर्णयानुसार मन्त्रिपरिषद् सचिवालयका अतिरिक्त सचिव श्री कृष्णप्रसाद अर्याललाई निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी सोही मितिदेखि निर्वाचन आयोगको सचिव पदमा कायम मुकायम मुकरर गरेको छ ।

## सूचना ६

राष्ट्रिय योजना आयोगको सचिवालयका सचिव श्री शंकरकृष्ण मल्ल कोरियाको सोलमा हुने वहिर्मुखी विकास अवधारणा र आर्थिक नीति विषयको अन्तर्राष्ट्रिय बैठकमा भाग लिन जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही सचिवालयका अतिरिक्त सचिव सरहका अधिकृत श्री पृथुनरसिंह राणालाई मिति २०४४।७।१ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको मुख्य सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३५८